# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
चलानी नं. :
Ref. No.

## प्रेश विज्ञप्ति

विश्व वित्तीय संकटको संगसंगैजस्तो नेपालको शेयर बजारमा हालसाल देखापरेको ह्रासोन्मुख प्रवृत्ति प्रति यस नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको ध्यानाकर्षण भएको छ । यहाँको शेयर बजार अन्तराष्ट्रिय पूँजीबजारसंग आवद्ध नभएको, यहाँका सूचिकृत कम्पनीको बजार आन्तरिक मात्र रहेको, नेपालीले विदशमा पूँजी लगानी गर्ने कानुनी व्यवस्था नरहेको तथा विदेशीले नेपालको शेयर बजारमा प्रत्यक्ष लगानी गर्ने प्रावधान नभएको अवस्थामा अन्तराष्ट्रिय वित्तीय संकटको खासै प्रत्यक्ष असर पर्ने देखिदैन । विश्व शेयर बजारमा आएको गिरावटको मनोवैज्ञानिक असरलाई भने स्वीकार गर्न सकिन्छ । शेयर बजारमा हालसाल देखापरेको ह्रासोन्मुख प्रवृत्तिमा यहाँको आन्तरिक कारणहरु नै जिम्मेवार छन । तथापि मुलुकको आर्थिक स्थिति एवं सूचिकृत कम्पनीहरुको वित्तीय तथा अन्य प्राविधिक स्थितिमा खास कुनै परिवर्तन नआईकन यसरी शेयर मूल्यमा आएको उल्लेख्य गिरावटलाई स्वभाविक मान्न नसकिने स्थिति रहेको हुंदा लगानीकर्ताहरु हतोत्साहित हुनु पर्ने स्थिति रहेको देखिदैन ।

हालसालैको ह्रासमा खास गरी बैंकिङ्ग समूह, वित्त समूह तथा विकास बैंक समूहका कम्पनीहरुको शेयर मूल्यमा आएको गिरावट नै मुख्य रहेको छ । सूचिकृत कम्पनीहरुले हकप्रद एवं बोनस शेयर वितरणका लागि शेयरधनी दर्ता किताब बन्द (Book close) गर्नुका अतिरिक्त वार्षिक शाधारण सभा बोलाएको र बोलाउने क्रममा रहेको हुँदा शेयर धनी दर्ता किताब बन्द (Book close) पश्चात शेयर कारोबारका लागि कारोबार सीमा खुल्ला गर्दा सूचिकृत कम्पनीहरुको शेयर मूल्य घट्न गई बजार परिसूचक नेप्से पनि घटेको देखिन्छ । तर वित्तीय क्षेत्रको प्रभुत्व रहेको यस शेयर बजारमा केन्द्रीय बैंक- नेपाल राष्ट्र बैंकको कडा नियमनमा हालसम्म पर्याप्त तरलता सहितको सो क्षेत्र सुदृढ नै रहेको हुँदा लगानीकर्ता हतोत्साहित हुनुपर्ने अवस्था छैन ।

तसर्थ वित्तीय स्थिति राम्रो भएका कतिपय कम्पनीहरुको शेयर मूल्यमा समेत निरन्तर ह्रास आएको देखिएकोले खरीद विक्री खासगरी हालको स्थितिमा विक्री गर्ने निर्णय गर्दा हल्लाको भरमा नलागी विवेकसम्मत रुपमा निर्णय गर्न अनुरोध गरिन्छ । साथै स्टक एक्सचेञ्जमा समय-समयमा मूल्यमा प्रभाव पार्न अनावश्यक हल्ला (Rumor) को आधारमा खरीद विक्री सम्बन्धी निर्णय गर्दा विक्रीकर्ता तथा खरीदकर्ताले बजारबाट हुने लाभ (Market Benefit) बाट वन्चित हुन सक्ने हुंदा सदैव लगानी सम्बन्धी निर्णय गर्दा कम्पनीको वर्तमान स्थिति, मौजुदा परिवेशमा कम्पनीको मुनाफा कमाउने क्षमता समेत विश्लेषण गरी वर्तमान अपरिवर्तित आधारभूत स्थितिमा हतोत्साहित नहुन लगानीकर्ताहरु सहित सम्वद्ध सवैमा स्टक एक्सचेञ्ज अनुरोध गर्दछ ।

मिति : २०६५/८/२


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.